## बैठक संख्या -२ (दुई)

आज मिति २०८३ साल भाद्र १८ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री वाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | नि.प्रमुख प्रशासकीय अधिकृत श्री सुन्दर थापा<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

**छलफलका विषयहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयको समीक्षा सम्बन्धमा ।
२. शिक्षा दिवश/सम्मान कार्यक्रम सम्बन्धमा ।
३. विविध ।

(लवश्री न्यौपाने)
प्रमुख

CamScanner

निर्णय नं.१

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार शिक्षा दिवश मनाउने सन्दर्भमा छलफल हुँदा २०८३/०५/१० गतेका दिन भोटेकोशी नदीमा आएको बाढीको कारण हाल सिंगो मुलुक शोकाकुल अवस्थामा रहेको हुँदा भदौ २१ गते मनाउने भनिएको बालमैत्री स्थापना दिवश, भदौ २९ गतेको बाल दिवश र असोज २ गतेको शिक्षा दिवश लगायतका दिवशीय कार्यक्रमहरु हाललाई स्थगित गरी उपयुक्त समयमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

यस नगरपालिका वडा नं.८ स्थित डुकुरसिं पर्यटन क्षेत्रमा स्थापना गरिएको प्लाष्टिकको गणेशको मुर्ति प्राकृतिक प्रकोपको कारण नोक्सान भएको हुँदा स्थायित्वको लागि पित्तलको पातामा प्रतिस्थापन गर्न र निर्माणाधिन जातीय सङ्ग्राहलयको निर्माणको काम स्थगित गरिदा पर्यटन विकासको पूर्वाधारमा भएको सरकारी लगानीको प्रतिफल प्राप्त हुन नसकेको भनी मलागिरी विकास केन्द्र, रामेछापबाट आवश्यक पहलका लागि अनुरोध भई आएको सन्दर्भमा उक्त कार्य सम्पन्न गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गर्न उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय, बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नगर कार्यपालिकाको मिति २०८२/०९/२५ गतेको बैठकको निर्णयानुसार प्रहरी चौकी, रामेछापका लागि मासिक २० (बीस) लिटर इन्धन उपलब्ध गराईदै आएकोमा यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेको वडा नं.३ स्थित्त प्रहरी चौकी, साँघुटार समेतले इन्धन माग गरेको सन्दर्भमा सुरक्षा सम्वेदनसिलता समेतलाई दृष्टीगत गरी उक्त चौकीलाई समेत मासिक २०(बीस) लिटर इन्धन दिने निर्णय गरियो ।

निर्णय नं. ५

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदी हुदै त्रिशुली नदिमा अकल्पनीय रुपमा आएको भिषण बाढीका कारण रसुवा नुवाकोट धादिङ लगायतका जिल्लाहरुमा पुग्न गएको धनजनको अपुरणीय क्षतिप्रति रामेछाप नगरपालिका स्तब्ध भएको छ । यस दुखद घडीमा रामेछाप नगरवासीका तर्फबाट गहिरो दुःख व्यक्त गर्दछौं।अप्रत्यासित रुपमा आएको प्राकृतिक विपत्तिले थुप्रै नेपाली आमाबुवां, दाजुभाई तथा दिदिबहिनीहरुको जिवनमा परेको यो बज्रपातले हामी सवै मर्माहत भएका छौं । बाढीका कारण ज्यान गुमाउनु हुने सम्पूर्णमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समबेदना व्यक्त गर्दछौं । साथै उक्त बाढीमा परी वेपत्ता भएका नागरिकहरुको सिघ्र खोजी, उद्दार तथा पुनस्थापनाका लागि हार्दिक अपिल गर्दै घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**निर्णय नं. ६**

मिति २०८३/०५//१० गतेका दिन भोटेकोशी नदीमा आएको भिषण बाढीका कारण राज्यमा परेको विपत्तिको समयमा आवश्यक साथ सहयोग, समन्वय र सहकार्य गर्न हामी सबैको दायित्व रहने भएकोले बाढी प्रभावित क्षेत्रका जनतालाई तत्काल राहत उपलब्ध गराउन तथा उद्दार पुन निर्माण र पुनःस्थापनाको कार्यमा सहयोग पुर्याउने उदेश्यले यस नगरपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधाबाट १० दिन बराबरको पारिश्रमिक रकम, नगरपालिकामा कार्यरत कर्मचारी तथा शिक्षकहरुको तर्फबाट संघीय सरकारले निर्णय गरे बमोजिमको रकम र नगरपालिकाको प्रकोप व्यवस्थापन कोष समेतबाट गरी रु.४०,००,०००।-(चालिस लाख) प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

रामेछाप नगरपालिका वडा नं.७ को सुकाजोरमा रहेको नागरिक आरोग्य केन्द्रको भवन निर्माण गर्नका लागि सोही स्थानमा बस्ने श्री गौरी श्रेष्ठको नाममा दर्ता रहेको ४/ङ, कि.नं. ८५, क्षेत्रफल ९-११-२-३ को जग्गाबाट १-०-०-० रोपनी जग्गा निशुल्क उपलब्ध गराउने इच्छा जाहेर गरी सम्बन्धित व्यक्तिको निवेदन सहितको वडाको सिफारिस यस कार्यालयमा प्राप्त भएकोले उक्त जग्गा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति,२०८२ को दफा ५ को उपदफा १ बमोजिम जग्गा दर्ताका लागि उपदफा २ बमोजिमको समितिमा पेश गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. ८**

नगर कार्यापालिकाको मिति २०८२/०९/२५ गतेको बैठकको निर्णय नं. १० बमोजिम जनप्रतिनिधि तथा प्राविधिक कर्मचारीहरुका लागि उपलब्ध गराइदै आएको इन्धन सुविधामा पुर्नविचार गर्न आवश्यक देखिएकोले आवश्यक निर्णयका लागि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

रामेछाप नगरपालिका नगर विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/१७ गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ को उपदफा २(ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उपनियम(१) बमोजिम प्रमाणित गरिएको ।

| | |
|---|---|
| ........................... | ........................... |
| सुन्दर थापा | लवश्री न्यौपाने |
| नि.प्रमुख प्रशासकीय अधिकृत | प्रमुख |

CamScanner